इण्डो नेपाल रेमिट्यान्स

भारतीय रिजर्भ बैंकले नेपाल राष्ट्र बैकसँगको सहकार्यमा मई २००८ मा नेपाल र भारत विच सिमापार विप्रेषण सुविधाको शुरुवात गरेको थियो जसलाई **इण्डो नेपाल रेमिट्यान्स** भनिन्छ । यो सुविधा भारतमा रहेका आप्रवासी नेपाली कामदारहरुको नियमित अन्तरालमा नेपालमा उनीहरुको परिवारलाई रकम पठाउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै विकास गरिएको हो। भारतीय बैंकहरुमा खाता रहेका र नरहेका सबै ग्राहकहरुले यो सुविधा मार्फत नेपालमा रकम पठाउन सक्छन । यसका मुख्य विशेषताहरु निम्न बमोजिम छन् ।

➢ प्रति कारोवार सिमा

भारतीय बैंकहरुमा खाता हुने ग्राहकहरूको हकमा प्रति कारोवार अधिकतम भा रु २००,०००।- पठाउन सकिने छ । खाता नहुने ग्राहकहरूको हकमा प्रति कारोवार रकम अधिकतम भा रु ५०,०००।- पठाउन सकिन्छ र उनीहरुले १ बर्षमा १२ पटक सम्म रकम पठाउन सक्छन् ।

➢ शुल्क संरचना

NEFT प्रणालीमा आवद्ध कुनै पनि भारतीय बैंकले विप्रेषण गर्दा प्रति कारोबार भा.रु. ५ शुल्क लिनेछन् । स्टेट बैंक अफ ईण्डियामा लाग्ने शुल्कको विवरण निम्न अनुसार छन् ।

विप्रेषण रकम	नेपाल एसबिआई बैंकमा खाता हुने लाभग्राहीहरुको लागि शुल्क		नेपाल एसबिआई बैंकमा खाता नहुने लाभग्राहीहरुको लागि शुल्क	
	पेन्सनरहरुको लागि	पेन्सनर बाहेकका ग्राहकहरूको लागि	पेन्सनरहरुको लागि	पेन्सनर बाहेकका ग्राहकहरूको लागि
भा.रु ५,००० सम्म	भा.रु २०		भा.रु ७०	
भा.रु ५,००० माथि भा.रु ५०,००० सम्म	भा.रु २०		भा.रु ९५	
भा.रु ५०,००० माथि भा.रु २००,००० सम्म	भा.रु ०.५० प्रति हजार अधिकतम भा.रु ७५	भा.रु १ प्रति हजार अधिकतम भा.रु १५०	भा.रु १ प्रति हजार अधिकतम भा.रु १५०	भा.रु ३ प्रति हजार अधिकतम भा.रु ५००

नेपाल एसबिआइ बैंकमा खाता नभएका लाभग्राहीको हकमा प्रति कारोवार ने.रु १०० र NCHL IPS शुल्क अधिकतम ने.रु १० लाग्दछ ।

- विप्रेषण रकम नेपालमा सम्बन्धित लाभग्राहीको बैक खातामा जम्मा गरिन्छ । साथै नेपालमा बैक खाता नहुने लाभग्राहीले प्रभु मनि ट्रान्सफरका आउटलेटहरुबाट नगद भुत्तानी लिन सक्दछन् ।
- NEFT प्रणालीमा आवद्ध भारतका कुनै पनि बैंकका शाखाहरुमा यो सुबिधा उपलब्ध छ ।